नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३३ अंक १६७ २०८० साल माघ १९ गते शुक्रबार (2 Feb. 2024 Friday) मूल्य रु. ५/-

सामाजिक सञ्जालको प्रयोग गर्दा
सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : आगामी आर्थिक वर्षको बजेटबारे ३ पृष्ठमा : अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन ... ३ पृष्ठमा : पाकिस्तानका पूर्वप्रधानमन्त्री..

# प्रदेश सरकार व्यापक भ्रष्टाचार तथा अनियमिततामा लागेको छ : जनमत संसदीय दल नेता यादव




**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

जनमत पार्टीका नेता तथा मधेश प्रदेशसभा संसदीय दलका नेता महेश प्रसाद यादवले प्रदेश सरकार व्यापक भ्रष्टाचार तथा अनियमिततामा लागेको आरोप लगाएका छन् ।

बिहीबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गर्दै उनले जनता समाजवादी पार्टी नेपाल नेतृत्वको प्रदेश सरकारले कार्यशैली नसुधारे सदन र सडक दुबैबाट सशक्त आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

भ्रष्टाचार र अनियमिततामा प्रदेश सरकार डुबिरहेको हेरेर आफूहरु बस्न नसक्ने भन्दै उनले सुधार नगरिए कडा आन्दोलनमा उत्रने चेतावनी दिए । जसपाका मुख्यमन्त्री तथा अर्थ मन्त्रीले आफूहरुको मन्त्रालयमा हस्तक्षेप गरेको, भ्रष्टाचारलाई प्रोत्साहन गरेको तथा आफूले बिनियोजन गरेको बजेट अर्थमन्त्रीले ६० प्रतिशत कटौति गरी आफ्ना निर्वाचन क्षेत्रमा पठाएको उनले आरोप लगाए ।

पूर्व मन्त्री यादवले जसपा नेतृत्वको प्रदेश सरकार भ्रष्टाचारमा डुबेको आरोपका साथ मधेश कृषि विश्वविद्यालयमा समेत करोडौंको रकम हिनामिना भएको दावी गरे । 'मधेश कृषि विश्व विद्यालयका भिसी र रजिष्ट्रार जेल जाने अवस्थामा थियो, मैले जोगाई दिएको हो' यादवले भने ।

उनले जसपा नेतृत्वको अघिल्लो सरकारका पालामा छात्राका लागि लक्षित गरी ल्याईएको साईकल बितरणमा ठूलो घोटाला भएको र छोरी वीमा कार्यक्रमका पुराना १० हजार तथा नयाँ पाँच हजार फाईल अहिलेसम्म अलपत्र अवस्थामा राखिएको खुलासा गरे ।

पत्रकार सम्मेलनमा पूर्व शिक्षा तथा संस्कृती मन्त्री समेत रहेका नेता यादवले मधेश प्रदेश सरकार भ्रष्टाचार र कमिशनको लागि

*बाँकी तीन पृष्ठमा*

# व्यवसायी अरुण चौधरी तथा थापा पक्राउ

काठमाडौँ, १८ माघ (रासस) ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)को टोलीले व्यवसायी अरुण चौधरी र बाँसबारी छाला जुत्ता कारखानाका तत्कालीन सञ्चालक समिति अध्यक्ष अजितनारायणसिंह थापालाई बिहीबार पक्राउ गरेको छ ।

चौधरीलाई बिहीबार काठमाडौँको लैनचौर र थापालाई बत्तीसपुतलीबाट पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)का प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "व्यवसायी अरुण चौधरी र तत्कालीन अध्यक्ष थापालाई पक्राउ गरिएको हो, बाँकी जानकारी पछि सार्वजनिक हुने छ ।"

बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गा घोटाला प्रकरणमा निजहरूलाई पक्राउ गरिएको ब्यूरोले जनाएको छ ।

# ऋण चुक्ता गरेपनि धितोको जग्गा फिर्ता नगरेको पीडितहरुको आरोप



**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. ३ निवासी महेश प्रसाद चौधरीले सोही नगरपालिका वडा नम्बर ४ निवासी महेश भगतले आफूसँग जालसाजी गरेको आरोप लगाएका छन् ।

बिहीबार नेपाल पत्रकार महासंघ सप्तरीमा पत्रकार सम्मेलनको आयोजना गरि चौधरीले भगतमाथी उक्त आरोप लगाएका हुन् । आफूले २०७३ सालमा भगतसँग २२ लाख नगद लिए वापत ट्राफिक चौक स्थित राजमार्गमा रहेको १२ धुर जग्गा धितो स्वरुपम राजीनामा गरिदिनुका साथै १५ लाखको तमसुक समेत गरि दिएको बताए ।

भगतले २०७४ सालमा उक्त २२ लाख रकम वापतको ब्याज स्वरुप ६ लाख रकम माग गरेको बताउँदै चौधरीले पुनः पटक पटक गरि ५ लाख रकम भगतबाट लिएवापत १० लाख बराबरको फेरी तमसुक बनाइदिएको जानकारी दिए । चौधरीले सम्पूर्ण रकम जोडर भगतसँग जम्मा ३३ लाख रकम लिएको स्वीकार गर्दै २०७६ सालमा १२ लाख ४५ हजार रकम फिर्ता गरेको सुनाए ।

यता सरकारले तमसुक कागज प्रमाणित गर्न वडा कार्यालय मार्फत २०८० माघ ११ गतेसम्मको समय दिए अनुसार भगतले २५ र १० लाख उल्लेखीत तमसुक प्रमाणित गर्न माघ ९ गते वडा कार्यालय पुगेका थिए । सो वडा कार्यालयमा चौधरीले आफूले १२ धुर जग्गा धितो स्वरुप

*बाँकी अन्तिम पृष्ठमा*

# झुठा प्रचारवाजी गरेर द्वन्द्व निम्तियाउन खोजेको आरोप : प्रदेश सदस्य सिंह



**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

मधेश प्रदेशका अर्थ तथा योजना समितिका सभापति एवं प्रदेशसभा सदस्य सतिश कुमार सिंहले जसपाले झुठा प्रचारवाजी गरेर द्वन्द्व निम्तियाउन खोजेको आरोप लगाएका छन् ।

राजविराजमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै सिंहले ईन्जियरिङ कलेज, नर्सिङ र तीन सय बेडको अस्पताल बनाएको भ्रामक प्रचारवाजी गरेर जसपाले द्वन्द्व निम्तियाउन खोजेको आरोप लगाए ।

प्रदेशसभा सदस्य सिंहले जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव प्रति लक्षित गर्दै टियु क्याम्पस राजविराजमा एउटा भवन बनाएर त्यसको उद्घाटन गरी राजविराजमा ईन्जियरिङ कलेजको उद्घाट्न गरेको मिडियामा हेर्दा आश्चर्य

*बाँकी तीन पृष्ठमा*

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आगामी आर्थिक वर्षको बजेटबारे विषयगत मन्त्रालयसँग छलफल सुरु

काठमाडौँ, १८ माघ (रासस)।

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटबारे विषयगत मन्त्रालयहरूसँग छलफल सुरु भएको छ। राष्ट्रिय योजना आयोगले बुधबार विभिन्न विषयगत मन्त्रालय र निकायसँग छलफल गरेको हो।

आगामी आवका लागि स्रोतको अनुमान र बजेटको सीमा (सिलिङ) तोक्नुअघि मन्त्रालयसँग छलफल गरिएको योजना आयोगका प्रवक्ता यमलाल भुसालले राससलाई जानकारी दिनुभयो। "आगामी आवको बजेट सिलिङ तोक्नुअघि विभिन्न विषयगत मन्त्रालयसँग छलफल थालिएको छ। कुन मन्त्रालयले केकस्ता योजना र कार्यक्रम कार्यान्वयनका लागि केकति बजेट आवश्यक छ भन्नेलगायतका विषयमा छलफल भएको हो"ल्यप्ी, उहाँले भन्नुभयो, "बजेटलाई यथार्थपरक र कार्यान्वयन योग्य बनाउनका लागि स्रोत अनुमान गर्ने र सिलिङ तोक्ने समयमा उनीहरुको सहभागिता खोजिएको हो।"

राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा स्रोत अनुमान समिति रहन्छ। विगतका वर्षमा उक्त समितिले विषयगत मन्त्रालयको सहभागिता र छलफलबिना नै बजेटको सीमा तोकेर सोही सीमाभित्र वार्षिक योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्ने गरेको थियो। जसले गर्दा मन्त्रालयले बजेट अपुग भएको, छुटचाउनैपर्ने योजना तथा कार्यक्रममा बजेट नपरेको, कम प्राथमिकताका आयोजना तथा कार्यक्रममा बढी बजेट परेकोलगायत गुनासा आउने गरेका थिए। यस्तो समस्यालाई सम्बोधन गर्न यसपटक समितिले सिलिङ तोक्नुअघि पनि मन्त्रालयसँग छलफल गरेको हो।

यसपटक मन्त्रालयले के चाहन्छन् ?, कुन योजना तथा कार्यक्रम र प्राथमिकतामा राखेर बजेट छुटचाउने ?, उनीहरुको बजेट माग कति हो ? भन्नेजस्ता विषयलाई पहिले नै छलफल गरेर सोही आधारमा बजेट सिलिङ निर्धारण गरिने प्रवक्ता भुसालले बताउनुभयो। उहाँका अनुसार चालु आवको पुस महिनासम्मको खर्चको अवस्थालाई विश्लेषण गरी आगामी आवको बजेटको स्रोत अनुमान र खर्चको सीमा निर्धारण गरिनेछ।

आयोगले बुधबार श्रम, सहरी विकास, वन तथा वातावरण, स्वास्थ्य तथा जनसङ्ख्या, ऊर्जा जलस्रोत र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग छलफल गरेको छ। त्यस्तै राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालतलगायत निकायसँग पछि छलफल भएको प्रवक्ता भुसालले जानकारी दिनुभयो।

बिहीबार र शुक्रबार अरु मन्त्रालय र निकायसँग छलफल गर्ने कार्यतालिका बनाइएको आयोगले जनाएको छ। आयोगले हरेक मन्त्रालय र निकायसँग छुट्टाछुट्टै छलफल गर्ने जनाएको छ।

**'बजेट क्यालेन्डर' संशोधन**

सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले यही माघ ४ गते आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गर्नुभएको थियो। सङ्घीय संसद्मा विनियोजन विधेयक (वार्षिक बजेट) प्रस्तुत हुनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त तथा प्राथमिकता पेस गरिसक्नुपर्ने व्यवस्थासहित अध्यादेशमार्फत बजेट क्यालेन्डर संशोधन भएको थियो।

स्रोत निर्धारण समितिले बजेटको सीमा (सिलिङ) तोकिसक्नुपर्ने समयलाई पनि अध्यादेशमार्फत् संशोधन गरेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ११ (१) मा प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिनअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो। यो व्यवस्थालाई अध्यादेशबाट संशोधन गरी 'विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेस गरिनुपर्ने' व्यवस्था ल्याइएको छ।

सङ्घीय सरकारले विनियोजन विधेयक जेठ १५ गते संसद्मा पेस गर्नुपर्ने कानुनी व्यवस्था रहेअनुसार सरकारले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता फागुन १५ भित्रमा संसद्मा पेस गरिसक्नुपर्नेछ। त्यस्तै, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथि सं└ंसद्मा छलफल भएर एक महिनाभित्र सरकारलाई सुझाव जानेछ।

अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन गरिएको छ। ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ। दफा ७ (१) मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्नेछ भनी व्यवस्था रहेको थियो। अध्यादेशमार्फत उक्त व्यवस्थालाई संशोधन गरी माघ मसान्तसम्म गरिसक्नुपर्ने बनाइएको छ। अर्थात्, स्रोत अनुमान समितिले माघ मसान्तभित्रमा बजेट सिलिङ तयार पारेर फागुन ७ गतेभित्र सबै मन्त्रालयलाई उपलब्ध गराइसक्नेछ।

ऐनको दफा ८ (१) मा संशोधन भएको छ। उक्त दफामा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाकासमेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाइसक्नुपर्नेछ भनी व्यवस्था गरिएको थियो। अध्यादेशमार्फत यो व्यवस्थामा संशोधन गरी स्रोत समितिले बजेट सिलिङ र मध्यमकालीन खर्च संरचनासम्बन्धी विवरण फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालयमा पठाइसक्नुपर्नेछ।

**प्रदेश र स्थानीय तहसँग योजना माग**

राष्ट्रिय योजना आयोगले गत पुस पहिलो साता प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै आगामी आवका लागि सङ्घीय समपूरक तथा विशेष अनुदानअन्तर्गत सञ्चालन गरिने आयोजना र कार्यक्रमका लागि प्रस्ताव माग गरिसकेको छ। प्रदेश र स्थानीय तहलाई यस्तो अनुदान शीर्षकअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रस्ताव यही माघ मसान्तभित्र पेस गरिसक्न भनिएको छ।

# वैदेशिक रोजगारीमा छ सयभन्दा बढीलाई ठगी गर्ने पक्राउ

काठमाडौँ, १८ माघ (रासस)।

वैदेशिक रोजगारीका लागि विभिन्न देश पठाइदिन्छु भन्दै छ सयभन्दा बढीलाई ठगी गरेको आरोपमा एक पक्राउ परेका छन्। पक्राउ पर्नेमा कन्जोसोम गाउँपालिका-४, ललितपुर बस्ने ३२ वर्षीय विकाश वाइवा रहेको उपत्यका अनुसन्धान कार्यालय काठमाडौँले जनाएको छ। पक्राउ परेका उनलाई प्रहरी बिहीबार सार्वजनिक गरेको हो।

निजलाई ललितपुरको लेलेबाट पक्राउ गरिएको बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। निज तामाङले नक्कली परिचय दिई युरोपियन मुलुक माल्टा, पोल्याण्ड, क्यानडा र क्रोसिया लगायतका देशहरुमा पठाइदिन्छु भनी प्रलोभनमा पारी छ सय जनाभन्दा बढी व्यक्तिहरुबाट करोडौँ रकम ठगी गरेको पाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिनुभयो।

निजले विसं २०७३ सालबाट अयुस म्यानपावरलगायत विभिन्न मेनपावरमा एजेन्टका रुपमा करिब पाँच वर्ष काम गरी विभिन्न व्यक्तिहरुलाई दुबई, कतार मलेसियामा पठाएको प्रहरीको भनाइ छ साथै २०७७ सालमा ठगी तथा अपराधिक लाभसम्बन्धी कसुर मुद्दामा फरार रही नेपाल तथा भारतको विभिन्न स्थानमा लुकीछिपी बसेको, २०८० वैशाखमा आफूलाई विकाश वाइवा भनी नक्कली परिचय दिई बालाजुमा युरो विग्ङ्स एजुकेसन कन्सलटेन्सी सञ्चालन गरेको पनि प्रहरीले जानकारी दिएको छ।

उनले सरकारी निकायका कर्मचारीलाई समेत युरोप पठाउने भनी रकम लिई नक्कली भिसा देखाई जागिर छाड्न लगाएको तथा विकास वाईवाको नामबाट बैंक खाता खोली आफैले हस्ताक्षर गरी बैंक तथा वित्तीय संस्थामार्फत आर्थिक कारोबार गरेको अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ।

पक्राउ परेका तामाङले युरोपियन मुलुकमा कामदार पठाउँछु भनेर क्यानडाका लागि रु १८ लाख, माल्टाका लागि रु आठ लाख, पोल्याण्डका लागि रु सात लाख र क्रोशियाका लागि रु छ लाख ५० हजारका दरले ठगी गरेको प्रहरी नायव उपरीक्षक अनिल घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार निजले छ सयभन्दा बढी सर्वसाधारणबाट रु ५० हजारदेखि रु पाँच लाखसम्म रकम लिएको देखिएको छ।

तामाङले ठगी गरेको रकमबाट रु चार करोड व्यक्तिगत ऋण तिरेको, राप्ती म्यानपावर, वसुन्धारामा ५० प्रतिशत शेयर, हुण्डाईको क्रेटा गाडी खरिद गरेको, भाईको खातामा रु १५ लाख ५० हजार जम्मा गरेको, जलविद्युत सहकारी संस्थाबाट लिएको रु १५ लाख ऋण तिरेको तथा रु ५ लाखको सुनको ब्रास्लेट खरिद गरेको पत्ता लागेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

# लोककल्याणकारी विज्ञापनबारे मिडिया काउन्सिल विधेयकमा स्पष्ट व्यवस्था हुनुपर्ने

काठमाडौँ, १८ माघ (रासस)।

मिडिया काउन्सिल विधेयकका विषयमा समाजवादी प्रेस सङ्गठन नेपालले ध्यानाकर्षण भएको बताएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले हालको प्रेस काउन्सिल ऐन, २०४८ लाई विस्थापन गर्न मस्यौदा गरेको मिडिया काउन्सिल विधेयकले देशभरका पत्रपत्रिका तथा सञ्चारमाध्यमले पाउने लोककल्याणकारी विज्ञापनबारे प्रष्ट व्यवस्था नगरिएको भन्दै समाजवादी प्रेस सङ्गठनले ध्यानाकर्षण गराएको हो।

"सञ्चारमाध्यमले पाउँदै आएको लोककल्याणकारी विज्ञापन र त्यसबापतको रकम खारेज गर्न हुँदैन। पत्रपत्रिका, रेडियो, टेलिभिजनलाई मात्र होइन, त्यस्तो सुविधा अनलाइन सञ्चारमाध्यमले पनि पाउनुपर्छ भन्ने सङ्गठनको प्रष्ट मान्यता छ।" सङ्गठनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "विज्ञापन बजार फितलो भई मिडिया सङ्कटमा परेको बेला राज्यले अपनत्व लिई सञ्चारमाध्मलाई अनुदान बढाउनुपर्नेमा कानुन ल्याएर भइरहेकै सुविधा पनि खोस्न खोज्नु गलत र मूर्खतापूर्ण निर्णय हुनेछ।"

प्रेस काउन्सिलमा रहेको पत्रपत्रिका वितरण सम्परीक्षण समितिलाई सबै सञ्चारमाध्यम समेट्ने गरी संशोधन गरिनुपर्ने सङ्गठनको माग छ।

नेपाली सञ्चार माध्यम र सांसदहरुको सुझावलाई वेवास्ता नगर्न आग्रह गर्दै सङ्गठनका अध्यक्ष विश्वमणि सुवेदीले जारी गरेको विज्ञप्तिमा विधेयकलाई अघि नबढाउन सरकारसमक्ष माग गरिएको छ।

# पेट्रोलियम पदार्थको मूल्य वृद्धि

**दैनिक समाचारदाता**
**काठमाडौँ, १८ माघ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। निगमले पेट्रोल, डिजेल र एलपी ग्यासको मूल्य वृद्धि गरेको हो। निगम सञ्चालक समितिको निर्णयअनुसार नयाँ मूल्य माघ १८ गते बिहान १ बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल र एलपी ग्यासको मूल्य बढाइएको हो।

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसम्बन्धी अध्ययन समिति गठन

काठमाडौं, १८ माघ (रासस)।

सरकारले अन्तर्राष्ट्रिय विमानस्थल सार्वजनिक निजी साझेदारी (पिपिपी)मोडलमा सञ्चालन गर्ने सम्बन्धमा एक अध्ययन समिति गठन गरेको छ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पेश गरेको अध्ययन समिति गठन गर्ने प्रस्तावलाई स्वीकृति दिएको हो। पूर्वसचिव शङ्करप्रसाद अधिकारीको संयोजकत्वको समितिमा लगानी विज्ञ घनश्याम ओझा, मन्त्रालयका हवाई महाशाखा प्रमुख बुद्धिसागर लामिछाने, लगानीबोर्डका सहसचिव र नागरिक उड्डयन प्राधिकरणका उपनिर्देशक दीपेन्द्र श्रेष्ठ सदस्य सचिव रहने गरी पाँच सदस्यीय समिति गठन गरेको हो।

काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरास्थित पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा र पिपिपी मोडलमा सञ्चालन गर्ने विषयमा अध्ययन गर्न समिति गठन गरेको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार नेपाल वायुसेवा निगमको करार व्यवस्थापनका लागि पनि समिति गठन गरिएको छ। राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा, व्यवस्थापन विज्ञ टीकाराम राई, पर्यटन विभागका महानिर्देशक, अर्थ मन्त्रालयको प्रतिनिधि र वायुसेवा निगम अर्थ विभाग प्रमुख सदस्य रहने गरी पाँच जनाको समिति तयार गरिएको छ। सो समितिलाई ४५ दिनको समय अवधि दिइएको छ।

यससँगै चितवनस्थित भरतपुर विमानस्थल विस्तारका लागि नेपाली सेनाले तत्काल जग्गा उपलब्ध गराउनुपर्ने र भत्किएको संरचना नागरिक उड्डयन प्राधिकरणले निर्माण गर्ने, घोडाको ब्रिडिङ सेन्टरका लागि नेपाली सेनालाई शक्तिखोरमा जग्गा उपलब्ध गराउने र खर्च हुने सम्भावित रकम सरकारले बेहोर्ने पनि निर्णय गरेको छ।

# विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी नै उत्तम विकल्प

काठमाडौं, १८ माघ (रासस)।

सरोकारवाला विज्ञहरूले भूकम्पजस्ता विपद् जुनसुकै बेला पनि जानसक्ने भएकाले त्यसबाट बच्न आवश्यक पूर्वतयारी नै उत्तम विकल्प भएकामा जोड दिनुभएको छ।

'भूकम्प प्रविधिका लागि राष्ट्रिय समाज नेपाल'ले बिहीबार यहाँ आयोजना गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विषयक अन्तर्क्रियामा उहाँहरूले विपद्बाट जोगिन त्यसको तयारीमा सधैं रहिरहनुपर्ने बताउनुभएको हो।

कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अनिल पोखरेलले प्राधिकरणले विपद्पछिको पुनःस्थापनालगायत विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा गरेका कामका बारेमा जानकारी गराउनुभयो।

साथै उहाँले आमनागरिकमा स्थानीय प्रविधि र सामग्रीबाट बनाइका घर पनि भूकम्प प्रतिरोधक हुनेबारेमा सचेतना जगाउनु आवश्यक रहेको बताउँदै गाउँघरतिर सिमेन्टबाट बनाइएका घरमात्र बलिया हुन्छन् भन्ने आमधारणा परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो।

चन्द्रागिरि नगरपालिकाका नगरप्रमुख घनश्याम गिरीले विपद्मा बच्न के गर्ने र कसरी गर्ने भन्ने सन्दर्भमा नयाँ तथा व्यवहारिक शिक्षा आमनागरिकमा पुर्‍याउनुपर्ने बताउनुभयो। साथै उहाँले विपद्पछिको बस्ती पुनःस्थापनामा नागरिकको चित्त बुझाएर नयाँ ढङ्गले गुरुयोजना बनाई अघि बढ्नुपर्ने सुझाव दिनुभयो।

कार्यक्रममा खानी तथा भूगर्भ विभागका उपमहानिर्देशक मोनिका झा, प्राधिकरणका सहसचिव भरतमणि पाण्डेय, समाजका अध्यक्ष डा अमोदमणि दीक्षितलगायतले भूकम्पजस्ता विपद्को भविष्यवाणी गर्न नसकिने भएकाले यसको जोखिमबाट बच्न पूर्वतयारी नै उत्तम विकल्प रहेकामा जोड दिनुभयो।

# नेपालमै कलेजो प्रत्यारोपण गर्न सक्षम भयौँ : डा भण्डारी

काठमाडौं, १८ माघ (रासस)।

नेपालमै अब कलेजोको सफल प्रत्यारोपण हुने भएको छ। त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पताल महाराजगञ्जमा नेपालमै पहिलोपटक नेपाली चिकित्सकबाट कलेजोको सफल प्रत्यारोपण गरिएको हो। यसअघि भारतमा तथा नेपालमै पनि भारतीय चिकित्सकको सहयोगमा कलेज प्रत्यारोपण गर्ने गरिएकामा अब नेपालमै नेपाली चिकित्सिकले नै यो काम गर्ने भएका हुन्।

अस्पतालका कलेजो प्रत्यारोपण युनिटका प्रमुख प्रा डा रमेशसिंह भण्डारीको नेतृत्वमा गत पुस २७ गते नेपाली चिकित्सकको टोलीले ४१ वर्षीय पुरुषमा कलेजोको सफल प्रत्यारोपण गरेको हो। त्यसपछि नेपालमै नेपाली चिकित्सकले कलेजोको प्रत्यारोपण गर्न सक्छौं भन्ने आत्मविश्वास बढेको उहाँको भनाइ छ।

"हामी नेपालमै कलेज प्रत्यारोपणमा सक्षम भएका छौं। नेपालमै कलेजो प्रत्यारोपणका लागि यो ऐतिहासिक र कोसेढुङ्गा हो", उहाँले भन्नुभयो, "यसअघि हामी विदेशी चिकित्सकको सहयोगमा कलेजो प्रत्यारोपण गर्दै आइरहेका थियौं।" उहाँका अनुसार यसअघि अस्पतालमा कलेजो प्रत्यारोपण गर्न भारतीय चिकित्सकको सहयोग लिने गरिन्थ्यो। अस्पतालमा गरिएको यो कलेजो प्रत्यारोपण ११औं सफल प्रयास हो।

अस्पतालमा गत पुस २७ गते नुवाकोटका ४१ वर्षीय पुरुषमा कलेजो प्रत्यारोपण गरिएको थियो। ती पुरुषलाई ४० वर्षे श्रीमतीले कलेजो दान गर्नुभएको थियो। चिकित्सक डा भण्डारीले दुवैको स्वास्थ्य राम्रो रहेको बताउनुभयो।

उहाँका अनुसार कलेजोको सफल प्रत्यारोपण गर्नुभएका बिरामी अहिले स्वस्थ्य भई बिहीबारै बिहान डिस्चार्ज हुनुभएको छ। उहाँकी श्रीमती भने १० दिनमा डिस्चार्ज हुनुभएको थियो।

वरिष्ठ कलेजो रोग विशेषज्ञ डा भण्डारीले ५० जना चिकित्सकसहितको टोलीले करिब १२ घण्टामा ती पुरुषमा कलेजो प्रत्यारोपण गरिएको बताउनुभयो। अस्पतालमा कलेजो प्रत्यारोपणका लागि रु २५ देखि ३० लाख खर्च लाग्छ। विदेशमा भने कलेजो प्रत्यारोपण गर्न करिब रु एक करोड लाग्छ।

नेपालमा सरकारी त्रिवि शिक्षण अस्पताल र मानव अङ्ग प्रत्यारोषण केन्द्रमा कलेजो प्रत्यारोपण गरिन्छ। प्रत्यारोपण केन्द्रमा सन् २०१६ र त्रिवि शिक्षण अस्पतालमा सन् २०१९ बाट कलेजो प्रत्यारोषण सुरु गरिएको हो।

### *पेट्रोलियम...*

निगमका अनुसार पेट्रोलमा प्रतिलिटर रु चार, डिजेल-मट्टितेलमा रु दुई र एलपी ग्यासमा रु १५ बढाइएको छ। इन्डियन आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिएको निगमले जनाएको छ।

अब काठमाडौंमा प्रतिलिटर पेट्रोलको मूल्य रु १७०, डिजेल, मट्टितेलको मूल्य रु १५८ र खाना पकाउने एलपी ग्यासको मूल्य रु एक हजार ९१० कायम भएको छ।

### *प्रदेश सरकार ...*

प्रोटोकलको समेत ख्याल नगरी मधेशका जनतालाई ठगिरहेको आरोप लगाए। उनले प्रदेश सरकारको बजेटबाट कुनै पनि विकासीय कार्य गर्न निकै गाह्रो रहेको उल्लेख गर्दै बजेटको केही प्रतिशत रकम बुझाएर मात्र बजेट निकासा हुने खुलासा समेत गरे।

एक साता अघिसम्म प्रदेशको शिक्षा मन्त्री रहेका यादवलाई राजविराजमा आयोजित मधेश प्रदेश कृषि विश्वविद्यालयको भवन शिलान्यासका क्रममा बिरोध जनाउँदा प्रहरीले कुटेर घाईते बनाएको थियो। त्यस लगत्तै सरकारलाई दिएको समर्थन फिर्ताका साथै मन्त्री पदबाट राजीनामा गरेका यादवले बिहीबार गृहजिल्लाको सदरमुकाम राजविराजमा पत्रकार सम्मेलन गरेका हुन्।

आफू विभागीय मन्त्री रहँदा समेत जानकारी नै नदिई मुख्य मन्त्री सरोजकुमार यादवले गत संसदीय निर्वाचनमा सप्तरी क्षेत्र नं. २ बाट पराजित जसपाका अध्यक्ष उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाई राजविराजमा कृषि विश्वविद्यालयको शिलान्यास गराएको उनको कथन छ।

आफू शिक्षा मन्त्री रहेको समयमा साक्षर मधेश प्रदेश घोषणा, गुणस्तरीय शिक्षा मापन स्केल, प्रादेशिक शिक्षा ऐन, शिक्षा विज्ञहरुसित त्रैमासिक स्कुलिङ, सामुदायिक विद्यालयको निरन्तर निरीक्षण जस्ता थुप्रै कार्यक्रम ल्याएको बताएका उनले भ्रष्टाचार तथा कमिशनको खेलमा लागेर मुख्यमन्त्रीले असहयोग गरेको टिप्पणी गरे।

सोही पत्रकार सम्मेलनमा प्रदेश सभासदस्यद्वय सतिष कुमार सिह, मो. सकिल, जनमत पार्टी जिल्ला इन्चार्ज रामगमन साहलगायतको पनि उपस्थिति थियो।

### *झुठा प्रचारवाजी ...*

चकित भएको जनाए।

'यो ईन्जिनियरिङ कलेज कुन विश्व विद्यालयबाट मान्यता प्राप्त गरेको छ ?, के टियुको मातहतमा ईन्जिनियरिङ विंगस् छ ?' प्रश्न गर्दै उनले भने, 'यदि छ भने तपाईहरु पत्ता लगाई दिनुस्, कुन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका छ ?'

जसपाले कलेज खेलिदिएको तर जनमत पार्टीले सञ्चालनमा ल्याउन नसकेको राजनीतिक एजेण्डा सेट गर्न एउटा बिल्डिंग उद्घाटन् गरेर ईन्जिनियरिङ कलेजको नामबाट प्रचारबाजी गरिरहेका स्पष्ट पारे।

यस्तै गजेन्द्रनाराण सिंह अस्पताल अहिले पनि ५० बेडकै रहेको र त्यसमा पनि भवन बनाएर नर्सिङ कलेज बनाएको प्रचारबाजी गरेको बताए। 'यो अस्पताल अहिले पनि ५० बेडकै छ र एक सय बेडको नभए सम्म नर्सिंग कलेज संचालनका लागि अनुमति नै नपाउने कानुनी व्यवस्था छ।' उनले भने, 'यो सबै स्टंटबाजी हो।'

उपेन्द्र यादव आफै उपप्रधानमन्त्री तथा स्वास्थ्य मन्त्री रहेको बेला किन यो अस्पताललाई स्तरबृद्धि गरेर तीनसय बेडको नबनाएको प्रश्न गर्दै आफूहरु भने त्यसको लागि चुनाव जितेको पहिलो दिन देखि नै प्रयासरत रहेको जानकारी दिए।

## विश्व समाचार

# पाकिस्तानका पूर्वप्रधानमन्त्री खानकी श्रीमती घर फर्किएपछि घरलाई 'उप कारागार' घोषणा

इस्लामाबाद, १८ माघ (रासस/एएफपी)।

भ्रष्टाचारको आरोपमा बुधबार आफ्ना श्रीमान्सँगै १४ वर्षको कारागार पर्नुभएकी पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानकी श्रीमती अधिकारीहरूले आफ्नो निवासलाई आधिकारिकरूपमा 'उप कारागार' घोषणा गरेपछि घरमै सजाय काटिरहनुभएको छ। मुस्लिम आस्था चिकित्सक बुशरा बिबीले आफ्ना श्रीमान् प्रधानमन्त्री हुँदा प्राप्त विदेशी उपहारहरूको बिक्रीसँग सम्बन्धित मुद्दामा सजाय सुनाइएपछि तुरुन्तै बुधबार स्वयंलाई अधिकारीहरूसामु सुम्पिनुभएको थियो।

मुलुकका गोपनीय कुराहरू चुहाएको दोषी पाइएको मुद्दामा मङ्गलबार १० वर्षको कारागार सजाय पाउनुभएका पूर्वप्रधानमन्त्री खान अहिले पनि मुद्दा चलाइएको रावलपिन्डको अडियाला कारागारमा हुनुहुन्छ। पूर्वअन्तर्राष्ट्रिय क्रिकेटर तथा उहाँको कानुनी टिमले सेनाको नेतृत्वमा स्थापित संस्थाले उहाँलाई आगामी साताको निर्वाचनमा सत्तामा फर्किनबाट रोक्नका लागि सजाय र असङ्ख्य अन्य आरोप लगाएको बताएका छन्।

उहाँकी श्रीमती बिबीलाई अडियाला कारागारबाट इस्लामाबादको बाहिरी क्षेत्रमा रहेको उहाँको घरमा स्थानान्तरण गरिएको बुधबार राति सरकारले बताएको छ। "मुख्य आयुक्त, इस्लामाबाद क्यापिटल टेरिटोरीका दोषी श्रीमती बुशरा बिबीको निवासलाई सन् २०२४ जनवरी ३१ देखि अर्को आदेश नभएसम्मका लागि उप-कारागारका रूपमा घोषणा गर्न पाउँदा खुशी हुनुहुन्छ", आदेशमा भनिएको छ।

अग्लो कङ्क्रिटको पर्खालले घेरिएको ठूलो परिसरमा रहेको खानको घर राजधानीको आलिशान बानी गाला क्षेत्रमा छ। पहिला नै धाँधलीको आरोप लागिसकेको पाकिस्तानमा फेब्रुअरी ७ मा मतदान हुँदैछ। निर्वाचनमा खानलाई निर्वाचनमा उम्मेदवारी दिन रोक लगाइएको छ र उहाँको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) माथि ठूलो कारवाही गरिएको छ। गत वर्ष खानको पहिलो गिरफ्तारीपछि दङ्गा भड्किएपछि हजारौं समर्थकलाई हिरासतमा लिइएको थियो र तीमध्ये करिब एक सय जनाले गुप्त सैन्य अदालतमा मुद्दाको प्रतीक्षा गरिरहेका थिए। बिबीले खानसँग सन् २०१८ मा विवाह गर्नुभएको हो। खान प्रधानमन्त्रीमा निर्वाचित हुनुभन्दा केही महिना पहिला दुवैले मुलुकलाई बदनाम र हैरान बनाउनुभएको थियो।

अक्सफोर्डबाट शिक्षित खानले आफ्नो क्रिकेट खेल्ने दिनहरूमा प्लेब्वाइक रूपमा ख्याति कमाउनुभएको थियो। प्राय समाजका सुन्दरी र मोडेलहरूसँग उहाँको फोटो खिचिन्थ्यो। ब्रिटिश करोडपतिकी छोरी जेमिमा गोल्डस्मिथसँग उहाँको पहिलो विवाह सम्बन्धविच्छेदमा टुङ्गिएको छ। त्यसपछि उहाँले टेलिभिजन पत्रकार रेहम नैय्यरसँग विवाह गर्नुभयो। एक वर्षभित्र सम्बन्धविच्छेद भएपछि नैय्यरले 'किस-एन्ड-टेल' संस्मरण प्रकाशित गर्नुभएको थियो। तेस्री श्रीमती बिबी सार्वजनिकरूपमा कमै देखिनुहुन्छ र बाहिर निस्कँदा अनुहार ढाक्ने हिजाब लगाउनुहुन्छ।

# युद्धविराम वार्ताका लागि हमास प्रमुख कायरोमा

गाजापट्टी (प्यालेस्टिनी अधीनस्थ क्षेत्र), १८ माघ (रासस/एएफपी)।

इजराइलले घेरामा हालेको प्यालेस्टिनी क्षेत्रमा आफ्ना आक्रमणलाई जारी राखेकाले गाजामा प्रस्तावित युद्धविरामबारे छलफल गर्न हमासका नेता बिहीबार कायरो आइपुग्नुहुने अपेक्षा गरिएको थियो। हमासले इजराइलसँग आफ्नो युद्धमा छ साताको युद्धविरामको प्रस्तावको समीक्षा गरिरहेको एक स्रोतले एएफपीलाई बताएको छ। पेरिसमा मध्यस्थकर्ताहरू भेला भएपछि विनाशकारी युद्धको गतिमा नयाँ विरामको दिशामा अन्तर्राष्ट्रिय प्रयास भइरहेको थियो।

गाजामा युद्ध वा हवाई बमबारीमा कुनै कमी आएको छैन। युद्धको वर्तमान ध्यान मुख्य दक्षिणी सहर खान युनिसमा रहेको छ। त्यहाँ हमासका प्रमुख लडाकूहरू लुकेर बसेको इजराइलले बताएको छ। प्रत्यक्षदर्शीहरूका अनुसार सहरमा रातभर धेरै इजराइली हवाई हमला भएको छ। सहायता तथा स्वास्थ्य कार्यकर्ताहरूले विशेषगरी दुई अस्पताल वरपर धेरै दिनदेखि ठूलो युद्धको सूचना दिएका छन्। प्यालेस्टिनी क्षेत्रका लागि अन्तर्राष्ट्रिय एनजिओ डक्टर्स विदआउट बोर्डर्सका प्रमुख लियो क्यान्सले भन्नुभयो, "अहिले पनि नरसंहार भइरहेको छ।"

इजराइलले हमासमाथि गाजामा अस्पतालहरूमुनिका सुरुङबाट सञ्चालन गरेको र चिकित्सा संस्थाहरूलाई कमान्ड सेन्टरका रूपमा प्रयोग गरिरहेको आरोप लगाएको छ। हमासले उक्त आरोपलाई अस्वीकार गरेको छ। हमासलाई युरोपेली सङ्घ (इयु) र अमेरिकाले 'आतङ्कवादी' सङ्गठनको संज्ञा दिएका छन्। विश्व स्वास्थ्य सङ्गठनका आपत्कालीन निर्देशक माइकल रयानले मानवीय सहायता वितरणमा अवरोधका कारण जनसङ्ख्या 'भोकै मरिरहेको' बुधबार बताउनुभयो। "गाजाका बासिन्दा यो द्वन्द्वका पक्षहरू होइनन् र उनीहरूलाई उनीहरूको स्वास्थ्य सुविधाजस्तै सुरक्षित गरिनुपर्छ", उहाँले भन्नुभयो।

पछिल्लो अपडेटमा संयुक्त राष्ट्रसङ्घले गाजापट्टी विशेषरूपमा खान युनिसमा व्यापक बमबारीको सूचना दिएको छ। उसले खान युनिस सहरबाट एक लाख ८४ हजार प्यालेस्टिनी आफ्नो घर छाडेर भागेपछि मानवीय सहायता प्राप्त गर्नका लागि दर्ता गरेको बताएको छ। कतार र इजिप्टको नेतृत्वमा मध्यस्थताको प्रयास तीव्र हुँदै गर्दा हमास नेता इस्माइल हानियेह गत साता पेरिसमा पारित एउटा युद्धविराम प्रस्तावमाथि छलफल गर्न बिहीबार सिआइए प्रमुख विलियम बर्न्ससँग कायरो आउँदै हुनुहुन्थ्यो।

तीन चरणको योजना युद्धको सुरुआती छ साताको विरामका साथ सुरु हुने र यसबाट गाजापट्टीमा थप सहायता पुर्‍याइने हमासको एक स्रोतले बताएको छ। वार्ताको संवेदनशीलताका कारण नाम नछाप्न अनुरोध गर्दै स्रोतले इजराइलमा प्यालेस्टिनी बन्दीहरूको बदलामा उक्त चरणमा हमासले नियन्त्रणमा राखेका 'महिला, बालबालिका र ६० वर्षभन्दा धेरै उमेरका बिरामी पुरुष' लाई मात्र मुक्त गरिने बताएको छ। "इजराइली सेनाको फिर्तीलाई लिएर पनि वार्ता हुनेछ", स्रोतले भनेको छ। स्रोतका अनुसार सम्भावित अतिरिक्त चरणहरूमा थप बन्धक-बन्दी आदान प्रदान पनि समावेश हुनेछ।

# बालबालिकालाई पोशाक वितरण



**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ५ को दुई विद्यालयमा बालबालिकालाई पोशाक वितरण गरिएको छ ।

विहिबार आयोजित एक कार्यक्रमबीच राष्ट्रिय प्राथमिक विद्यालय को.बर्साइन र राष्ट्रिय प्राथमिक विद्यालय कुशहा को. बर्साइनका बालबालिकालाई गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डल र वडा अध्यक्ष ललन प्रसाद राउतले पोशाक वितरण गरेका हुन् ।

बालविकास कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीलाई सर्ट, पाइन्ट, स्वेटर, जुत्ता र मोजा वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

सो अवसरमा गाउँपालिका अध्यक्ष मण्डलले बालबालिकालाई सिकाई उपलब्धी हासिल गर्न पोशाकले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको बताउँदै बालबालिकाको सिकाईप्रति अभिभावक पनि सचेत हुनु जरुरी रहेको उल्लेख गरे ।

बालबालिकामा पोशाककै कारण विभेद नहोस् र एकरुपता कायम गर्न वडाको बजेटबाट बालबालिकालाई पोशाक वितरण गरिएको वडा नं. ५ का अध्यक्ष ललन प्रसाद राउतले बताए । उनले आफ्नो वडाको चार वटै विद्यालयका बालबालिकालाई पोशाक वितरणको कार्यक्रम राखिएको बताए ।

राष्ट्रिय प्राथमिक विद्यालय को.बर्साइन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामनारायण पण्डितको अध्यक्षतामा आयोजित कार्यक्रममा गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झा, विद्यालयका प्रधानाध्यापक केदार पण्डित लगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

यसैगरी राष्ट्रिय प्राथमिक विद्यालय कुशहा को. बर्साइन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उमाशंकर सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यक्रम अधिकृत राजेश कुमार झा, स्थानीय सुनिल कुमार सिंह, विद्यालयका प्रधानाध्यापक बालेश्वर साह सहितकाले मन्तव्य व्यक्त गरेका थिए ।

# जनवरीमा आए ७९ हजारभन्दा बढी पर्यटक

काठमाडौं, १८ माघ (रासस) ।

सन् २०२४ को पहिलो महिना जनवरीमा ७९ हजार एक सय विदेशी पर्यटक नेपाल भित्रिएका छन् । यो सन् २०२३ को जनवरीको तुलनामा २४ हजार २६ ले बढी हो । गत वर्षको जनवरीमा ५५ हजार ७४ जना विदेशी पर्यटक नेपाल आएका थिए ।

नेपाल पर्यटन बोर्डका अनुसार जनवरीमा ८१ हजार आठ सय ९७ जना बाहिरिएका छन् । जनवरीमा सबैभन्दा बढी भारतीय पर्यटक २४ हजार एक सय ३९ जना नेपाल आएका छन् । गत वर्षको सोही अवधिमा १६ हजार चार सय ३६ भारतीय पर्यटक नेपाल आएका थिए ।

साथै चिनियाँ पर्यटक सात हजार दुई सय ६७, अमेरिकी पर्यटक सात हजार ४७, थाइल्याण्डबाट चार हजार छ सय १९ जना पर्यटक नेपाल आएका छन् । जनवरीमा दक्षिण कोरियाबाट तीन हजार आठ सय १२, बङ्गलादेशबाट तीन हजार छ सय २९, अष्ट्रेलियाबाट तीन हजार चार सय २१, बेलायतबाट तीन हजार दुई सय ७६, भुटानबाट दुई हजार दुई सय २९ र जापानबाट एक हजार पाँच सय ६८ जना विदेशी पर्यटक नेपाल आएका छन् ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**



**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**



**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


## ऋण चुक्ता गरेपनि...

राजीनामा गरिदिएको र १२ लाख ४५ हजार रकम समेत बुझाएको उल्लेख गरि तमसुक प्रमाणित गर्न आग्रह गर्दा उनले मौखिक रुपमा एउटा सम्झौता पत्र बनाइदिने वडा अध्यक्ष बिजय साहको रोहबरमा सहमति गरेको बताए ।

चौधरीले वडा अध्यक्ष साहको रोहबरमा सम्झौता पत्र बनाउने सहमति भएपनि लिखित रुपमा सम्झौता पत्र नबनाई वडा कार्यालयले तमसुक मात्र प्रमाणित गरि भगतलाई दिएको प्रति असन्तुष्टि व्यक्त गरे । वडा कार्यालयले एकपक्षिय रुपमा भगतलाई तमसुक प्रमाणित गरि दिएको प्रति आफू अन्यायमा परेकोले न्यायका लागि सबैसँग गुहार गरेका छन् ।

यता वडा अध्यक्ष साहले सो कागजबारे आफूसँग कुनै सहमति नभएको प्रतिक्रिया दिएका छन् ।

यस्तै पत्रकार सम्मेलनमा सोही वडाकी बलजित कुमारी चौधरीले पनि भगतले आफूमाथी अन्याय गरेको गुनासो पोखेकी छिन् । सात वर्षअघि चौधरीले १ लाख २७ हजार रकम लिए वापत भगतलाई ३ लाख रकम वापतको तमसुक बनाउनुका साथै धितो स्वरुप २ कठ्ठा जग्गा समेत राजीनामा गरिदिएको सुनाइन् ।

उनले ३० हजार रकम भगतलाई फिर्ता गरिदिएको भन्दै आफूले धितो स्वरुप राखिदिएको २ कठ्ठा जग्गा भगतले स्थानीय फरवार्ड लघु बित्त संस्थामा धितो राखी ५ लाख रकम उठाएको जानकारी दिइन् । हाल चौधरीले फरवार्ड संस्थामा मासिक १६ हजारको दरले रकम बुझाइरहेको जनाइन् । आफूले नलिएको रकमको किस्ता बुझाउनु परिरहेको गुनासो पोख्दै चौधरीले न्यायका लागि पहल गरिदिन आग्रह गरेकी छिन् ।

सोही पत्रकार सम्मेलनमा भगतबाट अर्का पीडित रुपनी गाउँपालिका ३ निवासी बासुदेव मोचीले २०७२ सालमा २२ हजार रकम लिएको बताउँदै १४ महिनापछि ४५ हजार रकम फिर्ता गरिदिएको सुनाए । उनले २५ हजार रकम लिएवापत भगतलाई ७५ हजारको तमसुक बनाइदिएको रुम्एपनि उनले सो मिन्हा नगरी अहिले आएर तमसुकको आधारमा लेनदेन मुद्दा दर्ता गरेको जनाए ।

यसै गरि रुपनी ६ का गेनालाल मोची पनि भगतसँग पीडित भएको दुखेसो पोखे । उनले २०६९ सालमा १ लाख रकम लिए वापत २ लाख १२ हजारको कागजात र १ कठ्ठा जग्गा धितो स्वरुप राजीनामा गरिदिएको बताए । दुई सालपछि मोचीले भगतलाई १ लाख ५ हजार र उनको घरमा ३ लाख ५ हजार रकम बराबरको राजमिस्त्रीको काम गरिदिएको भएपनि अहिले सो जग्गा फिर्ता गर्न माग गर्दा भगतले तमसुकको आधारमा लेनदेन मुद्दा दर्ता गरेको सुनाए ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*